# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ भक्तपुर, बैशाख १९गते, २०७६ साल संख्या १४

भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको चौथो नगर सभा २०७५ बाट पारित भएको तल लेखिए बमोजिमकोनिर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७५ सालको ऐन

## भक्तपुर नगरपालिका, नवदुर्गा गणको मुकुण्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका, २०७५

प्रस्तावना :

प्रत्येक वर्ष संचालन हुंदै आएको प्रसिद्ध नवदुर्गा नाचका लागि बन्ने बनाइने नवदुर्गा गणको मुकुण्डो निर्माण कार्यलाई निरन्तरता दिई कालान्तरसम्म पनि नवदुर्गा नाचलाई जिवन्त राख्न आर्थिक स्रोतहरु परिचालन गरी नवदुर्गा गणको मुकुण्डो निर्माण कार्यका लागि आर्थिक कोषको रुपमा अक्षय कोष खाताहरु संचालन गरी सो अक्षय कोषवाट प्राप्त हुने व्याज रकमबाट वार्षिक रुपमा मुकुण्डो निर्माण कार्यलाई निरन्तरता दिन वाञ्छीत हुँदा सोका लागि भक्तपुर नगरपालिकाको चौथो नगरसभाले यो निर्देशिका बनाई लागु गरिएको छ।

**१. संक्षिप्त नाम, उद्देश्य र परिभाषा :**

१.१. संक्षिप्त नामः यो निर्देशिकाको नाम 'भक्तपुर नगरपालिका, नवदुर्गा गणको मुकुण्डो निर्माण अक्षयकोष व्यवस्थापन निर्देशिका, २०७५' रहनेछ।

१.२. उद्देश्य : यस निर्देशिकको उद्देश्य माथि प्रस्तावनामा उल्लेख गरे बमोजिम हुनेछ।

१.२. नवदुर्गा गणको मुकुण्डो भन्नाले 'प्रत्येक वर्ष श्रावण कृष्ण चतुर्दर्शीको दिनदेखि बैदिक विधि अनुसार आश्विन शुक्ल महानवमी सम्ममा तयार गरिने र विजया दशमीको दिनमा भक्तपुर नगरपालिका वडा नं. ६ याछेंमा

सार्वजनिक प्रर्दशनीका लागि राखिने नवदुर्गा गणको मुकुण्डोलाई बुझाउनेछ ।'

१.३. 'अक्षय कोष खाता' भन्नाले यस निर्देशिकाको बुंदा नं. २ अनुसारको अक्षय कोष खाताहरुलाई जनाउने छ ।

१.४. 'निर्देशिका' भन्नाले 'भक्तपुर नगरपालिका, नवदुर्गा गणको मुकुण्डो निर्माण अक्षयकोष व्यवस्थापन निर्देशिका, २०७५' लाई जनाउने छ ।

१.५. 'अक्षय कोष संचालन समिति' भन्नाले यस निर्देशिकाको बुँदा नं. २ बमोजिम गठित अक्षय कोष संचालन समितिलाई जनाउने छ ।

**२. अक्षय कोष संचालन समिति गठन र संचालन :**

२.१. प्रत्येक वर्ष नवदुर्गा नाचका लागि परम्पराअनुसार नवदुर्गा गणको नयाा मुकुण्डो निर्माण गरी देव गणलाई हस्तान्तरण गर्नको लागि आवश्यक आम्दानी र खर्चको व्यवस्थापनका लागि मुकुण्डो निर्माणका लागि अक्षय कोष संचालन समिति गठन गरिनेछ ।

२.२. अक्षय कोष संचालन समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

क) भक्तपुर नगरपालिकाका उप-प्रमुख - संयोजक

ख) भक्तपुर नगरपालिकाको वडा नं. ६ का वडाध्यक्ष - सचिव

ग) भक्तपुर नगरपालिकाको वडा नं. ९ का वडाध्यक्ष - कोषाध्यक्ष

घ) गुठी संस्थान, भक्तपुरको अधिकृत प्रतिनिधि - सदस्य

ङ) जिल्ला प्रशासन कार्यालय, भक्तपुरको अधिकृत प्रतिनिधि - सदस्य

च) स्थानीय बुद्धिजीवीहरुमध्येबाट संयोजकले मनोनित गरेको व्यक्ति- सदस्य

छ) नवदुर्गा गणको मुकुण्डो निर्माण गर्ने परम्परागत पेशाका व्यक्ति- सदस्य

२.३. अक्षय कोष खाता सम्बन्धी व्यवस्था : अक्षय कोष संचालन समितिले यस निर्देशिकाको उद्देश्य पूरा गर्नका लागि अक्षय कोष संचालक समितिको नाउामा स्थानीय बैंक तथा वित्तीय संस्थामा आवश्यकता अनुसार अक्षय कोष खाता संचालन गर्न सक्नेछन् ।

२.४. उक्त खाताहरुमा देहाय बमोजिम रकम जम्मा गरिनेछ ।

क) नेपाल सरकारबाट प्राप्त हुने सहयोग रकम ।

ख) भक्तपुर नगरपालिकाबाट प्राप्त हुने सहयोग रकम ।

ग) जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट प्राप्त हुने सहयोग रकम ।

घ) गुठी संस्थान, भक्तपुरबाट प्राप्त हुने सहयोग रकम ।

ङ) विभिन्न संघ संस्था, कार्यालयहरुबाट प्राप्त हुने सहयोग रकम ।

च) विभिन्न श्रद्धालु भक्तजन तथा व्यक्तिहरुबाट प्राप्त हुने चन्दा दान रकम ।

२.५. अक्षय कोष खाता संचालन समितिका संयोजक, सचिव र कोषाध्यक्ष सहित ३ जनामध्ये कुनै दुई जनाको दस्तखतबाट खाता संचालन हुनेछ ।

२.६. अक्षय कोष खाताहरुको आर्थिक हिसाब किताब प्रत्येक वर्ष आश्विन शुक्ल महानवमीका नवदुर्गा गणको मुकुण्डो प्रदर्शनी स्थलमा पारदर्शी रुपमा प्रकाशित गरिनेछ ।

२.७. अक्षय कोष खाताहरुको वार्षिक रुपमा दर्तावाला लेखा परीक्षकबाट लेखा परीक्षण गराई सोको प्रतिवेदन समेत बुंदा नं. २.६. अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिनेछ ।

**३. संचालन समितिको बैठक अध्यक्षता र निर्णय :**

३.१. अक्षष कोष संचालन समितिको बैठक ४ महिनाको एक पटक अनिवार्य बस्नेछ र आवश्यकता अनुसार समेत बस्न सकिनेछ ।

३.२. बैठकको अध्यक्षता संयोजकले गर्नेछ र संयोजकको अनुपस्थितिमा सचिवले गर्नेछ ।

३.३. समितिको बैठक निर्णय बहुमतद्धारा गरिनेछ ।

आज्ञाले
(यामलाल अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७५।१०।११ गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८